नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ – ९०
चलानी नं. : ७५२

CDS and Clearing Ltd

## प्रेस विज्ञप्ति

आज मिति २०७२/०९/२९ गते सिडिएस एण्ड क्लियरिङ्ग लि. (सिडिएससि) को आ.व. २०७१/७२ को पाँचौं वार्षिक साधारण सभा सम्पन्न भयो । कम्पनी ऐन, २०६३ को दफा ७४ अनुसार साधारण सभाको अध्यक्षता संचालक समतिका अध्यक्ष श्री सीताराम थपलियाज्यूले गर्नु भएको थियो । सभामा लेखा परीक्षकले प्रमाणित गरेको आर्थिक प्रतिवेदन तथा प्रस्तावित विषयबस्तु माथि विस्तृत छलफल भई सो को पारित गरिएको छ ।

सभामा प्रगति विवरण पेश हुँदा धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (पहिलो संशोधन २०६९ सहित) मा गरिएको व्यवस्थानुसार धितोपत्रको अभौतिकीकरणका लागि दर्ता गरेका कम्पनीहरुको संख्या आर्थिक वर्ष २०६९/७० मा १२ वटा, आर्थिक वर्ष २०७०/७१ मा ४ वटा र आर्थिक वर्ष २०७१/७२ मा ९७ वटा गरी जम्मा ११३ पुगेको छ भने समीक्षा अवधिसम्म सो संख्या १२६ पुगेको छ । दर्ता भएका कम्पनीहरु मध्ये १२२ वटा कम्पनीहरुको धितोपत्र कारोबार अनिवार्य रुपमा अभौतिक रुपमा भइरहेको छ । आ.व. २०७०/७१ सम्म ११ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएकोमा आ.व. २०७१/७२ मा थप ३४ वटा कम्पनीहरुलाई निक्षेप सदस्यता प्रदान गरिएको छ भने चालू आ.व. २०७२/७३ को समीक्षा अवधिमा थप ३ गरी कूल निक्षेप सदस्य संख्या ४८ पुगेको छ । उक्त सदस्यहरुबाट मुलुकभरका कूल ४४ जिल्लाका ६६ स्थानबाट केन्द्रीय निक्षेप सेवा प्रदान गरिदै आएको छ । धितोपत्र अभौतिकीकरण गरी कारोबार गर्नका लागि आ.व. २०७०/७१ मा हितग्राही खाताको संख्या जम्मा २५६ र आ.व. २०७१/७२ मा ४० हजार ४ सय र चालू आ.व. को समीक्षा अवधि सम्म कूल खाता संख्या १ लाख ३३ हजार ९ सय ८९ पुगेको छ ।

आ.व. २०७०/७१ मा १ लाख ७३ हजार ९ सय ६ कित्ता धितोपत्रको अभौतिकीकरण भएका थिए भने आ.व. २०७१/७२ मा सो संख्यामा २५ हजार ८ सय २५.११ प्रतिशतले बृद्धि भई ४ करोड ५० लाख ८५ हजार ३ सय १४ कित्ता धितोपत्र अभौतिकीकरण भएको छ । त्यसैगरी आ.व. २०७२/७३ को समीक्षा अवधि सम्म अभौतिकीकरण गरिएका धितोपत्र संख्या २५ करोड ६९ लाख २६ हजार ६ सय ५६ पुगेको र यो संख्या गत आ.व. को तुलनामा ४ सय ६९.८७ प्रतिशतले बृद्धि भएको छ ।

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596
Website: www.cdscnp.com

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७२/७३ – १०
चलानी नं. : ७९२

CDS and Clearing Ltd.

नेपाल स्टक एक्सचेन्ज लि. (नेप्से) मा आ.व. २०७१/७२ मा कूल कारोबार रु.६५ अर्ब ३३ करोड ३५ लाख ८० हजार मध्ये सो को ६ प्रतिशत अर्थात रु.३ अर्ब ७१ करोड ३३ लाख ४६ हजार ८ सय ९१ बराबरको अभौतिकृत धितोपत्रको कारोबार भएको थियो भने २०७२ मंसिर मसान्त सम्म नेप्सेको कूल कारोबार रु.३९ अर्ब १० करोड ४९ लाख ६३ हजार मध्ये ७६ प्रतिशत अर्थात रु.२९ अर्ब ६७ करोड ६३ लाख ४८ हजार ५ सय ९९ बराबरको अभौतिकृत धितोपत्रको कारोबार भएको छ ।

आ.व. २०७१/७२ मा नेप्सेमा सूचीकृत कम्पनीहरुको कूल २ खर्ब ३८ अर्ब ९६ करोड ७४ लाख २० हजार चुक्ता पूँजीको १६ प्रतिशत अर्थात रु. ३९ अर्ब १० करोड ४९ लाख ६३ हजार बराबरको कूल कारोबार रहेको छ भने सो मध्ये १२ प्रतिशत अर्थात रु. २९ अर्ब ६७ करोड ६३ लाख ४८ हजार ५ सय ९९ अभौतिक धितोपत्रको कारोबार रहेको छ । त्यसैगरी कूल रु. ११ खर्ब ८९ अर्ब ४८ करोड ७७ लाख ६० हजार बजार पूँजीकरणको ३ प्रतिशत कूल कारोबार रहेको छ भने सो मध्ये २ प्रतिशत अभौतिक धितोपत्रको कारोबार रहेको छ ।

मिति : २०७२/०९/२९

सिंहदरबार प्लाजा, काठमाडौं, नेपाल ।
Singhdurbar Plaza, Kathmandu, Nepal.
Tel.: 977-1-4250596
Website: www.cdscnp.com